नेपाल सरकार

# चिकित्सा शिक्षा आयोग

(मापदण्ड तथा प्रत्यायन निर्देशनालय)

सानोठिमी, भक्तपुर ।

पत्र संख्या :- ०८२।८३

चलानी नं. :- १८९

मिति २०८२।०५।०४

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

**विषयः सेल्फ अप्राइजल फारम भर्ने सम्बन्धमा ।**

श्री सबै विश्वविद्यालय, प्रतिष्ठान तथा कलेजहरू,

प्रस्तुत विषयमा शैक्षिक सत्र २०८२/०८३ मा स्नातकोत्तर तहमा चिकित्सा शिक्षाका विभिन्न विधाका कार्यक्रम संचालन गर्ने विश्वविद्यालय, विश्वविद्यालयका आंगिक तथा सम्बन्धन प्राप्त कलेजहरु, प्रतिष्ठानहरूले आयोगको वेबसाइटमा रहेको सेल्फ अप्राइजल (Self Appraisal) अनलाइन (Online) फाराम मिति २०८२।०५।०५ गते देखि मिति २०८२।०५।१९ गतेसम्म भर्नुहुन सूचित गरिन्छ । साथै Self Appraisal फारम पेश गर्ने क्रममा शिक्षण संस्था अनुगमन शुल्क (स्नातकोत्तर तहको वार्षिक) बापत देहाय बमोजिमको रकम हिमालयन बैंकमा रहेको आयोगको खाता नं. ०४३०८९३१६७००१७ मा जम्मा गर्नुहुन निर्देशानुसार अनुरोध छ।

देहायः

**क. स्नातकोत्तर तह तर्फको अनुगमन शुल्क (वार्षिक)**

- मेडिकल (MD/MS) रु २,००,०००/- (दुई लाख मात्र),
- डेन्टल (MDS) रु २,००,०००/- (दुई लाख मात्र),
- नर्सिङ (M.Sc. Nursing) रु १,००,०००/- (एक लाख मात्र),
- नर्सिङ (M.N.) रु १,००,०००/- (एक लाख मात्र),
- मिडवाइफ्री (Master's of Midwifery Science) रु १,००,०००/- (एक लाख मात्र),
- अन्य कार्यक्रमको हकमा प्रति कार्यक्रम रु ५०,०००/- (पचास हजार मात्र) ।

(रुद्रप्रसाद रेग्मी)
उपसचिव

नोट

१. आयोगको वेबसाइट www.mec.gov.np मा रहेको **विद्युतीय सेवा पोर्टलभित्र** Self Appraisal लिंक रहेको छ । सोही लिंकमा क्लिक गरी आफ्नो संस्थाको साविकको User ID र Password प्रयोग गरी Log in गर्ने । तत्पश्चात त्यहाँ माग भए बमोजिम आफ्नो संस्थाको यथार्थ विवरण भर्नु पर्नेछ । सो क्रममा गत वर्ष भरेको विवरणलाई समेत अद्यावधिक गर्नु पर्नेछ ।

२. विगतमा कतिपय विश्वविद्यालय/प्रतिष्ठान/कलेजहरूले Self Appraisal को पूरा विवरण नभर्ने, सिट दाबीको पत्र लेखेर अपलोड गर्ने गरेको देखिएकोले त्यसको पुनरावृत्ति नगरी Self Appraisal फाराममा भएका सबै विवरण भर्नु अनिवार्य छ ।

३. अनुगमन शुल्क बुझाउँदा कार्यक्रमगत रूपमा हुनु पर्ने सबै शुल्क जोड जम्मा गरी एकमुष्ठ रूपमा एउटै भौचरबाट बुझाउनु पर्ने छ । भौचरको सक्कल प्रति स्क्यान गरी अपलोड गर्नु पर्नेछ ।

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

४. स्नातकोत्तर तहको नयाँ विषय/कार्यक्रम सञ्चालन गर्नका लागि कलेजको हकमा सम्बन्धित विश्वविद्यालयको सहमति पत्र र प्रतिष्ठानको हकमा प्रतिष्ठानको बोर्डबाट भएको निर्णय अनिवार्य रूपमा Approved Letter भनेको स्थानमा अपलोड गर्नु पर्नेछ । सम्बन्धित विश्वविद्यालयको सहमति नरहेको विषयमा सिट निर्धारण हुने छैन ।

५. फ्याकल्टीको विवरण भर्दा विभागगत (Department Wise) पूर्ण विवरण भर्नु पर्नेछ । विश्वविद्यालयबाट पद प्रमाणीकरण भएको पत्र, काउन्सिल दर्ता नं. र नियुक्तिपत्र अनिवार्य रूपमा अपलोड गर्नुपर्ने छ । विदेशी फ्याकल्टीको हकमा अनिवार्य रूपमा सम्बन्धित विषयगत काउन्सिलको दर्ता नवीकरण भएको प्रमाणपत्र अपलोड गर्नुपर्ने छ । सेल्फ अप्राइजलमा फ्याकल्टीको विवरण नभर्ने तर छुट भएको भनी पत्र मार्फत पठाइएका फ्याकल्टीलाई सिट निर्धारण प्रयोजनमा गणना गरिने छैन ।

६. Self Appraisal भर्नु पूर्व MEMIS सफ्टवेयरमा भर्नु पर्ने सम्पूर्ण विवरण भरी अद्यावधिक गर्नु पर्नेछ।

७. Self Appraisal फारम नभरेका र तोकिए बमोजिमको शुल्क नबुझाएका शिक्षण संस्थाको अनुगमन गरिने छैन र सिट निर्धारण पनि हुने छैन ।

२०८२/५/१४
रुद्र प्रसाद रेग्मी
(उपसचिव)